## बोलावट आउनका लागि दिईएको एउटा निमन्त्रणा हो

हामी मध्ये कति जना कुनै एक अपरिचित व्यक्ति जसको पाइलट बन्ने इच्छा र "बोलावट" छ तर कहिल्यै ठीक सित त्यसको लागि तालिम लिएको छैन, त्यस व्यक्तिसित हवाईजहाजमा बसी उडान भर्नुभएको छ ? त्यसैगरी, हामी मध्ये कति जना अपरेशन टेबल गएर सुत्नुहुन्छ र त्यस व्यक्ति जसले आफूलाई सल्यचिकित्सक हुनलाई "बोलाईएको" हो भनी लाग्यो त्यसलाई अपरेशन गर्न दिनुहुन्छ ? यसको उत्तर हो : हामी मध्ये कसैले पनि दिँदैनौं ! स्वभाविक रुपमा नै हामीलाई राम्रोसित थाहा छ कि जो व्यक्ति राम्रो सँग तयार हुनलाई अइच्छुक छ त्यसलाई जीवन र मृत्युको कुरा हामी सुम्पदैनौं ।

आत्मिकताको सम्बन्धमा पनि त्यही कुरा लागु हुन्छ । जब हामी ख्रीष्टकहाँ आउँछौं र उहाँलाई हाम्रो जीवन सुम्पन्छौं, हामी प्रवल चाहानाको अपेक्षा गर्दछौं जुनले ख्रीष्टको शरीरमा हाम्रो सेवकाईको स्थानलाई निर्देशित गर्दछ । हाम्रो व्यक्तिगत "बोलावट" सेवकाईको हाम्रो ठूलो दिनका लागि तयार हुनलाई परमेश्वरले दिनुभएको एउटा समयको र मौकाको सदुपयोग गर्ने एउटा निमन्त्रणा हो । बोलाईएको धेरै छन् तर चुनिएका थोरै छन् । परमेश्वरको लागि आवश्यक भएको दिनमा तयार हुने थोरै मात्र भएको वास्तविकताको कारण यो उचित हुनसक्ला । आफैलाई तपाईको स्थानिय मण्डलीमा समर्पित गर्नुहोस् र आजैबाट तयार हुनलाई सुरु गर्नुहोस् ।

आजको प्रार्थना:

पिता, मलाई वास्तवमै तपाईले बोलाउनुभएको लागि तपाईलाई म धन्यवाद दिँदछु । मेरो बोलावट म तपाई र स्थानिय मण्डलीलाई सुम्पन्छु, ताकि जसरी मेरो सेवकाईको ठूला समयतिर लम्कदै छु, म राम्ररी र धर्यतापूर्वक तयारी हुन सकूँ ।

आजको बाईबल खण्ड:

मत्ति २०:१६ यसरी नै पछिल्ला पहिला हुनेछन् र पहिला पछिल्ला हुनेछन् ।

२ पत्रुस १:१० यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरु कहिल्यै लोट्नेछैनौं ।

# एउटा टुटेको हृदयलाई टुटेको भविष्य दिन नदिनुहोस्

जीवनमा हामी निराशाहरु र नोक्सानहरु सामना गर्छौं जुनले हामीलाई शोक र खिन्नतातिर अगुवाई गर्दछ । यसलाई हामी टुटेको हृ भनी परिभाषित गर्दछौं । जब हाम्रो चारैतिर अस्तव्यस्तता देखिन्छ, हामी के कारणले हामीलाई दुःख पुऱ्याएको छ भन्ने कुरामा केन्द्रित हुन पुग्दछौं र त्यो अद्भूत चित्र – परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, र उहाँ अझै पनि सबै कुरा माथि नियन्त्रण राख्नुहुन्छ भन्ने कुरा बिर्सदछौं । मकूर्स ९ अध्यायमा, एउटा टुटेको हृ भएको बाबु येशूकहाँ आउँछन् । उसको छोरालाई बर्सौं देखि दुष्ट आत्माले दुःख दिईरहेको थियो । " यदि कसैले विश्वास गर्दछ भने सबै कुरा सम्भव छ", येशूले भन्नुभयो । "म विश्वास गर्दछु," त्यस बाबुले भने । "तर मेरो अविश्वासबाट सहायता गर्नुहोस् !" यो मानिससित येशूसित मद्दत माग्ने पर्याप्त विश्वास थियो ।

यदि तपाई आज गह्रौं भारीलाई बोक्दै हुनुहुन्छ भने, एउटा टुटेको हृलाई टुटेको भविष्य दिन नदिनुहोस् । परमेश्वरसित तपाईलाई एउटा असल भविष्यको दिन दर्शन दिनलाई प्रार्थना गर्नुहोस् । अब, उहाँले तपाईको यात्राको लागि चाहिने सहास र शक्ति दिनुहुन्छ भन्ने कुरामा भरोसा राखी त्यो असल दिन तर्फ हिड्न थाल्नुहोस् । प्रत्येक टुटेको हृका लागि त्यहाँ आशा छ ।

आजको प्रार्थनाः

प्रभु, मलाई थाहा छ कि आज म कस्तो परिस्थितीबाट भएर जाँदैछु भनी तपाई देख्न सक्नुहुन्छ । तपाईले मलाई प्रेम गर्नुहुन्छ र मेरो जीवनको लागि एउटा तपाईको योजना छ भनी म विश्वास गर्दछु । तपाईलाई अझै बढी विश्वास गर्न मलाई मद्दत गर्नुहोस्, र मेरो पिडादय क्षण भन्दा पर हेर्न मलाई सहायता गर्नुहोस् । मेरो आशा र शान्तिको स्रोत हुनुभएको लागि तपाईलाई म धन्यवाद दिँदछु ।

आजको बाईबल खण्डः

भजन संग्रह ३९:७ अब हे परमप्रभु, म केको निम्ति प्रतीक्षा गर्दछु ? मेरो आशा त तपाईंमा नै छ ।

यर्मिया २९:११ "किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, " परमप्रभु भन्नुहुन्छ , "ती तिमीहरुका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।

# यदि तपाई बोलेको कुरा गर्नु हुन्न भने नबोल्नु होस्

एकचोटी येशूले एउटा बाबु जसका दुई भाइ छोरा थिए, उसको कथा भन्नुभयो । बाबुले ती दुई भाइलाई एउटा विशेष दिनमा आउन र काम गर्नलाई बोलाए । एउटा आउँछु भनी भन्यो, अनि अर्को चाहिँले आउँदिन भनी भन्यो । जसले आउँदिन भनी भनेको थियो, पछिबाट उसको मनलाई परिवर्तन गर्‍यो र उसको बाबुसित काम गर्न आयो । जसले आउँछु भनेको थियो, ऊ कहिल्यै देखा पनि परेनन् । येशूले भन्नुभयो, " कुन चाहिँ असल छोरो हो ?"

परमेश्वर, कथाको बाबु जस्तै गरी, हामीहरु असल सन्तान भएको चाहाना गर्नुहुन्छ, र उहाँ केबल उपस्थिती मात्र नभई हाम्रो हृमा उहाँको आदर भएको चाहानुहुन्छ । मद्दत तब सम्म मद्दत हुँदैन जबसम्म केही सकारात्मक रुपमा गरिन्न । हाम्रो स्वर्गिय पिता, उहाँका सन्तानले फसलको कटनीमा उहाँसित काम गरेर उहाँसित आ□नो जीवन बिताएको अनि उहाँले हामीलाई दिन चाहानुभएको पुरस्कार पाएको चाहानाका साथ पर्खिबस्नुभएको छ । यदि तपाई बोलेको कुरा गर्नु हुन्न भने नबोल्नु होस् ।

## आजको प्रार्थना:

पिता, म एउटा असल सन्तान हुन चाहान्छु । म तपाईलाई चिन्न चाहान्छु र तपाईसित एउटा असल सम्बन्ध कायम गर्न चाहान्छु । जुन कुराको महत्व तपाई राख्नुहुनपिता, म एउटा असल सन्तान हुन चाहान्छु । म तपाईलाई चिन्न चाहान्छु र तपाईसित एउटा असल सम्बन्ध कायम गर्न चाहान्छु । जुन कुरा तपाईलाई महत्वको छ, मेरो लागि पनि त्यो महत्वपूर्ण छ ।

## आजको बाईबल खण्ड:

भजनसंग्रह ४०:८ हे मेरो परमेश्वर, तपाईको इच्छाबमोजिम गर्न म चाहान्छु, तपाईको व्यवस्था मेरो हृभित्र छ ।

यहून्ना १४:२३ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं ।

यहून्ना १७:३ अब अनन्त जीवन यही हो, कि तिनीहरुले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् ।

# तपाईको आत्मिक पुँजीलाई खर्चनुहोस्

केही जसले काम गर्छ बुझ्छ र मौकाहरुलाई अवकास पछि प्राप्त हुने पेन्सनको लागि खर्चने फाईदा उठाउँछ । तिनीहरुले मेहनेत गर्छन्, हरेक हप्ता केही बचत गर्छन्, अनि पछिको समयका लागि प्रयोग गर्नलाई पुँजी बनाउँछन् । स्वर्गको राज्यको सम्बन्धमा पनि त्यही कुरा लागू हुन्छ । जब हामी परमेश्वरले चाहानुभएको जीवन जिउँदछौं, हामीले बुद्धि, कृपा र आदर प्राप्त गर्छौं । यो हाम्रो आत्मिक पुँजी हो । धेरै पटक हामी हामीले खर्चने भन्दा बढी पुँजी प्राप्त गर्दछौ. र नखर्चिएकोलाई भविष्यका लागि जोगाई राख्छौं ।

तपाइले तपाईको आत्मिक पुँजीलाई प्रभुको सेवा गर्नलाई अरुहरुलाई प्रभाव परेर अथवा कृपा प्राप्त गर्न जुन परमेश्वरको राज्यको भलाईको निम्ति हुनेछ, यी कुराहरुमा खर्चन सक्नुहुन्छ । परमेश्वर हामीलाई चाहिने भन्दा बढी आत्मिक पुँजी दिनुहोस् । ताकि केही अरुहरु माथि खर्चन सकौं । तपाईको आत्मिक पुँजीलाई संसारमा नै खर्चनुहोस् । स्वर्गमा तपाईलाई यसको आवश्यकता छैन ।

आजको प्रार्थना:

पिता, म एउटा राम्रो लगानीकर्ता हुन चाहान्छु ! कृपया, पवित्र आत्माद्धारा, तपाईले मलाई दिनुभएको हरेक अवसरहरुलाई कसरी सदुपयोग गर्न सक्दछु भनी देखाउँनुहोस् । अरुहरुमाथि कसरी र कति लगानी गर्ने भनी थाहा गर्न मलाई सहायता गर्नुहोस् । मसित भएका सबै तपाईको नै हुन् ।

आजको बाईबल खण्ड:

यहून्ना ९:४ मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन ।

एफिसी ५:१६ समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ ।

# पहिले शिखरमा पुग्नेले मान्यता पाउँछ भन्ने छैन

हाम्रो अति प्रतिस्पर्धात्मक समाजमा, प्राय हामी पहिले शिखरमा पुग्नुलाई नै सफलता हो भनी जोड दिन्छौं । परिणामस्वरुप, धेरै सहकारी प्रमुखहरुले उद्देश्य प्राप्तीको बेदीमा तिनीहरुको इमान्दारितालाई बलिदान चढ़ाएका छन् । तिनीहरुले महत्वपूर्ण सत्यतालाई गुमाएका छन् कि *कसरी* यात्रा गरिन्छ वास्तवमा यात्रा आफैमा भन्दा बढी महत्वपूर्णको हुन्छ । सिध्याउनु मात्र हाम्रो चरित्रका साथ सिध्याउँनु भन्दा बढी महत्वपूर्ण नहुन सक्छ । धेरै जो उचाईमा पुगेका छन् अन्त्य निम्नमा हुन्छ किनभने तिनीहरुको माथितिरको यात्रा छोटो बाटो अप्नाउने खालको हुन्छ र तिनीहरुका निर्णयहरु अनैतिक हुन्छन् जुनले तिनीहरुको हिसाब भन्दा बढी मूल्य चुकाउनु पर्छ ।

तपाई कस्तो हुनुहुन्छ ? के तपाईको घमण्ड र बिना निर्देशनको महत्वकांक्षाले गर्दा तपाईले धुर्तताको इन्धन प्रयोग गर्दै छिट्टै शिखरमा पुग्नुभएको छ ? तपाईको व्यक्तिगत दौडको लगानीलाई लिनुहोस् र तपाई मार्गलाई सहास, इमान्दारिता, धर्यता, र निरन्तर संघषद्धारा छाप्नुहोस् । कसैलाई भलाई गर्नमा समयलाई खर्चनुहोस् । जानिबुझी कदम उठाउनुहोस् र असल चुनाउ गर्नुहोस् ताकि जब तपाई शिखरमा पुग्नुहुन्छ तपाई त्यही रहिरहनुहुन्छ ।

## आजको प्रार्थनाः

पिता, आज मलाई मेरो दौड़ कसरी दौडदै छु भनी ध्यान दिन सहायता गर्नुहोस् । खराब विचार जुनले पहिला पुग्नु नै उत्तम हूँ भनी भन्दछ, त्यसमा म विश्वास गर्दिन । कृपया मेरो जीवनको प्रत्येक क्षेत्रलाई तपाईको वचन अनुसार निर्देशित गर्न मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्डः

मत्ति १९:३० तर धेरै जो पहिला छन् पछि पर्नेछन्, र पछि हुनेहरुचाहिँ पहिला हुनेछन् ।

मत्ति ६:३३ तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।

# साँचो वृद्धिले तपाईको स्रोतहरुलाई बढाउँछ

एउटा कुरो जीवनमा निश्चितरुपमा छ – आत्मिक रुपमा, भौतिक रुपमा, मानसिक रुपमा वा अरुसितको सम्बन्धमा वृद्धि हुन, हामी मूल्य चूकाउन इच्छुक हुनुपर्छ ।जसरी भौतिक शरीरमा पोषणयुक्त खानाको कमीले कुपोषण हुन्छ, जीवनको हरेक क्षेत्रमा पनि त्यही कुरा लागू हुन्छ । हामीले हाम्रो इच्छा प्राप्त गर्नलाई पहिला त हामीसित भएको कुरा खर्चिनु पर्छ भन्ने कुरालाई नबुझे सम्म वृद्धि हुन सक्दैनौं ।

हाम्रो जीवन यापन समयमा, केही स्रोतसाधन जुनलाई हामीले खर्चिनु पर्ने हुन्छ, त्यो हाम्रो पैसा, हाम्रो समय, वा हाम्रो निस्वार्थ प्रेम हुन सक्छ । यसमा हाम्रो घमण्डलाई छोडिदिनु पर्ने पनि हुन्छ र त्यो व्यक्ति जसले हाम्रो घात गरेको छ त्यसलाई क्षमा पनि दिनुपर्ने हुन्छ । साँचो वृद्धि यसको माग तपाईको साधनमाथि गर्दछ । जसै परमेश्वरले तपाई अरु बढी चलाउनुहुन्छ, तपाई तन्कनलाई तयार रहनुहोस् ।

आजको प्रार्थना:

हे परमेश्वर, जीवनमा वृद्धि हुनका हेतु मलाई तन्कन र मेरा साधनहरुलाई प्रयोग गर्ने इच्छा गर्न मलाई सहायता गर्नुहोस् । मलाई बुद्धि, समझ, र खास गरी तपाईमा सधैं अर्को खुद्किलो पार गरी माथि बढ्ने एउटा दृढ़ चाहाना दिनुहोस् ।

आजको बाईबल खण्ड:

फिलिप्पी ३:१२ मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरुलाई पकनको निम्ति म अघि बढ़िरहेको छु जुन कुराको निम्ति खीष्टले मलाई पकनुभयो ।

२ शमूएल २४:२४ तर राजाले अरौनालाई भने, “होइन, म ती तिमीबाट किन्नेछु । पैसा नपरेको चीज लिएर परमप्रभु मेरा परमेश्वरलाई म बलिदान चढ़ाउनेछैनँ ।” यसकारण दाऊदले त्यो खोला र गोरुहरु चाँदीका पचास सिक्कामा किने ।

## हाम्रो जीवन परमेश्वरले मात्र लेख्न सक्ने कथा हुनपर्छ

जब एकपटक हाम्रो जीवन ख्रीष्टलाई दिन्छौं, उहाँले हाम्रा सबै पापहरुलाई ढाकिदिनुहुन्छ । पूरानो कुराहरु बितिगए र सबै कुराहरु नयाँ भएका छन् । हाम्रो क्षमता हामीले गरेको कल्पना भन्दा अति बढी वा हाम्रो समझ भन्दा अति बढी हुन्छ । परमेश्वरको हातमा भएको हाम्रो जीवन चकित पार्ने कुराहरु, दैनिक इनामहरु र चुनौतिहरु सहितको प्रशस्त सफलताहरु जसले हामीलाई वृद्धि हुने सबै अवसरहरु दिन्छन्, त्यसका लागि हो ।

हाम्रो लागि अचम्मित पार्ने कुरा सधैं परमेश्वरको लागि एउटा योजना हो । तैपनि, हाम्रो जीवन परमेश्वरले मात्र लेख्न सक्ने कथा हुनुपर्छ र उहाँको लेखाईबाट कुनै असफल हुने कुरा नै हुँदैन । त्यसैले, तपाईको जीवनलाई परमेश्वरको हातमा राखिदिनुहोस् र तपाईको अपेक्षा गरेको अनुरुप नभएमा, सोचे अनुरुप नभएमा पनि निराश नहुनुहोस् । परमेश्वरमा भरोसा राख्नुहोस् र उहाँले तपाईको विजयका लागि लेखिराख्नुभएको कथामा जिइराख्नुहोस् । उहाँको सबै कुरा माथि पूर्ण नियन्त्रण छ ।

आजको प्रार्थना:

पिता, विगतका सबै टुटे-फुटेका कुराहरुलाई हटाईदिनुभएको निम्ति तपाईलाई धेरै धन्यवाद छ । यसले मलाई एउटा नयाँ दिन, नयाँ मौका, नयाँ आशा र एउटा नयाँ भविष्य दिएको छ । म तत्परताका साथ तपाईलाई मेरो जीवनको पन्नाहरुमा लेख्न दिँदछु, अहिले र अनन्तसम्मका लागि ।

आजको बाईबल खण्ड:

१ कोरिन्थी ७:२३ तिमीहरु मोल तिरेर किनिएका हौं, मानिसहरुका कमारा नबन ।

हिब्रु ५:९ र सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो ।

मर्कूस ११:२२ येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, " परमेश्वरमा विश्वास राख । "

## तपाईको दिमाग, तपाईको मन र तपाईको हातहरुलाई खेलमा नै केन्द्रित गर्नुहोस्

कुनै पनि खेल जित्न वा जीवनमा कुनै ठूलो कमाल गरी सफलता प्राप्त गर्न, त्यसलाई हाम्रो पूरा ध्यान र मन दिनु पर्छ। अर्ध-हृबाट गरिएको प्रयास र विकेन्द्रित चाहनाले हामी अरु केही होइन, अर्ध परिणाम मात्र दिँदछ। जस्तो कि एउटा भनाई छ, केही कुरा मूल्यवान छ भने सही रुपमा गर्नु नै हो। केही कुरा सही गर्नलाई दिमाग, मन र क्रियाको मिश्रित सहायताको आवश्यकता पर्दछ।

परमेश्वरको सृष्टि भएकोले, हाम्रो त्रिएत्वको ( शरीर, आत्मा र प्राण) हरेक भागलाई पूर्णरुपमा हाम्रो लक्ष्यहरु र बोलावटतिरको संगतिमा त्यसको उत्तम प्रयोग गर्छौं। खेलमा हाम्रो दिमाग, मन र हातहरु राख्नाले हाम्रो सफलताको सुनिश्चितता दिँदछ। के तपाईले तपाईको "सबै"लाई तपाईको वर्तमान बोलावट र भविष्यको सपनाहरुका लागि दिनुभएको छ ?

आजको प्रार्थनाः

पिता, आजबाटै मलाई मेरो सबैबाट तपाईको सबैका लागि सेवामा प्रयोग गर्न सहायता गर्नुहोस्। मैले गरेको कुनै पनि सफलताको इच्छामा, मेरो दिमाग, मेरो मन र मेरा हातहरुलाई प्रयोग गर्नु पर्छ भनी थाहा गर्न मलाई मद्दत गर्नुहोस्। हे प्रभु, मलाई तपाईको मार्ग सिकाउनुहोस्।

आजको बाईबल खण्डः

१ थेसलोनिकी ५:२३ शान्तिका परमेश्वर आफैले सम्पूर्ण रुपले तिमीहरुलाई चोखा तुल्याऊन्, र तिमीहरुका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।

व्यवस्था ११:१८ तिमीहरुले मेरा यी वचनहरु आफ्ना मन र हृमा राख। ती आफ्ना हातमा र निधारमा चिन्हहरु स्वरुप बाँध।

२ शमूएल ६:१६ दाऊद सूती कपड़ाको एपोद लगाएर परमप्रभुको सामुन्ने पूरा शक्तिको साथ नाचे।

# लङ्गडोसित नहिड्ने मानिसलाई कहिल्यै पूर्ण भरोसा नगर्नुहोस्

अगुवालाई पछ्याउदा, परामर्श लिदाँ, वा निर्देशक र शिक्षकलाई कुरा बुझाउँदा, हामी तिनीहरुको जीवनको अनुभवहरु प्रति चासो लिने जस्ता हुनुपर्छ, अझ बढी, उनीहरुको शैक्षिक योग्यताहरु प्रति पनि चासो देखाउनु पर्छ । जीवनको कक्षा कोठामा सिकिएको पाठहरुले कसैलाई प्रायः एउटा साँचो विशेषज्ञ र पछ्याउन योग्यको मानिस बनाउँदछ ।

ख्रीष्टसितको हाम्रो हिड़ाईमा, हामीसित परमेश्वरको वचन सुन्ने समय छ, तर दुःख र कष्टको समय पनि छ । यी समयहरुमा हामीले सिकेको वचनलाई कार्यमा उर्तानुहोस् । परमेश्वरको वचनको प्रत्येक विधार्थीका व्यवहारिक अनुभवहरुका निम्ति विश्वासको जाँच गरिन्छ । जाँचहरु पछि गवाहीमा परिणत हुन्छ जसै हामी हाम्रो जीवनको परिस्थितीहरुबाट सिक्दछौं । प्रायः संघर्षहरु र युद्ध पछि देखिने त्यसको परिणामको खटले क्षमता र सहास प्रदान गर्दछ र धेरै पटक, टुट-फुट हाम्रो जीवनको पूर्ण परिवर्तको निम्ति आवश्यक हुन्छ । यी युद्धको खटहरु हाम्रो विजयको चिन्ह हुनेछ ।

आजको प्रार्थनाः

प्रभु, जीवनको दुःख-कष्टबाट तपाईलाई चिन्ने मौका पाएकोमा तपाईलाई धन्यवाद छ । तपाईको भलाई र विश्वासयोग्यताको गवाहीका साथ मेरो जीवन चम्कोस् ।

आजको बाईबल खण्डः

२ कोरिन्थी २:१४ कि जसरी तिमीहरुले हामीलाई केही मात्रामा बुझेका छौं, त्यसरी नै हाम्रा प्रभु येशूको दिनमा तिमीहरुले हामीलाई सम्पूर्ण प्रकारले बुझ्नेछौं, र तिमीहरु हाम्रा निम्ति गर्व गर्न सक्नेछौं, जसरी हामी तिमीहरुका निम्ति गर्व गर्न सक्नेछौं ।

उत्पत्ति ३२:२५ यी व्यक्तिले याकूबलाई जित्न नसकेका देखेर याकूबका कम्मरको खोको भाग छोए, र उनीसित कुश्ती लड्दालड्दै याकूबको कम्मरको गेड़ी फुस्क्यो ।

१ कोरिन्थी १५: ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्धारा विजय दिनुहुन्छ ।

## येशूले हामीलाई अनन्तको नर्क र यस नरकीय जीवनबाट बचाउनुहुन्छ

खीष्टको लागि कसैको पूर्ण निर्णयले हामी उहाँसितैको अनन्ततालाई अङ्गाल्न पुग्छौं । तैपनि, उहाँको इच्छा हामीलाई अनन्तको नर्कबाट बचाउने मात्र होइन तर साथै यस नरकीय जीवनबाट बचाउनु पनि हो । हामीले नयाँ जन्मा पाएको हुनुपर्छ र, पछिबाट, त्यस नयाँ जन्मको अनुभवद्धारा हामीले हाम्रो दैनिक आत्मिक हिड़ाईमा परमेश्वरको वचनलाई प्रयोग गर्दै जिउन सिक्नु पर्छ ।

तपाईको बारेमा नि ? के तपाईले वर्तमानका साथै भविष्यमा पनि परमेश्वरको वचनको शक्तिलाई तपाईको जीवन बदल्न दिईरहनुभएको छ ? के तपाईले कठिन देखिएता पनि, परमेश्वरको वचनलाई खोजी गर्दै र त्यसपछि त्यस वचनको सर्वोच्चता मुनि आफैलाई समर्पित गर्नुभएको छ ? तपाईको अनन्तको नरकबाट बच्ने मात्र होइन तर, परमेश्वरको वचनको आज्ञा पालनबाट यस जीवनको नरकीयपनाबाट पनि बच्नु हो !

### आजको प्रार्थना:

प्रभु, मेरो अनन्तको घरको लागि तपाईलाई धन्यवाद छ । साथै, म तपाईलाई यस जीवनको हरेक समस्या, आपद्-विपद र परिक्षाबाट बचाउने तपाईको वचनको दैनिक निर्देशनका लागि पनि धन्यवाद दिँदछु । प्रत्येक दिन मलाई भरोसा गर्न र आज्ञापालन गर्न मद्दत गर्नुहोसे ताकि यस जीवन र आउने जीवनमा मसित शान्ति होस् ।

### आजको बाईबल खण्ड:

१ यहून्ना ३:२२ हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं, र उहाँलाई मन पर्ने कामहरु गर्छौं ।

मर्कूस १०:२९-३० येशूले भन्नुभयो,“ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाज्यू-भाइ, दिदी-बहिनी, आमा, छोराछोरी र जग्गाजमिन यसै समयमा पाउनेछ, अनि आउँदो युगमा अनन्त जीवन ।

## सबै दुष्टहरु झूटा बोल्दछन् र सबै झूटा बोल्नेहरु दुष्टहरु होइनन्

शैतान एउटा झुटो बोल्ने व्यक्ति हो । बाईबलले भन्दछ कि ऊ झुटको पिता हो । ऊ झुटको शुरुवाट र अन्त्य हो । शैताले प्रयोग गर्ने सबै भन्दा ठूलो शक्ति भनेको छल हो । उसको अस्तित्व नै हामीलाई झुट पत्याउनका लागि तयार गर्नलाई हो र त्यो झुट हो, येशू बिना नै हामीले असल जीवन पाउन सक्छौं । उसले मानिसहरु, परिस्थितीहरु, अवस्थाहरु र त्यस प्रकारको झुटलाई बढाउन आफैलाई जोगाउनु चाहानालाई प्रयोग गर्दछ ।

शैतानको सबै भन्दा कमजोरी भनेको उसलाई तपाईलाई कम आक्नुँ नै हो । उसलाई लाग्दछ कि तपाईले सजिलै हार मान्नु हुनेछ । तर तपाईभित्र एक जना शक्तिशाली आत्मा हुनुहुन्छ । हामी सिद्ध नहौला, तर हामी बढ्दै गरेका दिशा भन्ने उत्तम छ । तपाईले पाप गर्न गन सक्नुहोला र श्रोताले विश्वास गर्ने कुरालाई चलाकी पूर्वक चलाएर धूर्त छलको शब्दहरु पनि बोल्नुहुन्छ अथवा तपाईले एउटा प्रत्यक्ष झुट बोल्नु सक्नुहुन्छ । यसले तपाईलाई दुष्ट बनाउदैन, तर उसले गरेको काम तपाईले गर्नुहुन्छ । झुटो बोल्न छोडिदिनुहोस् र परमेश्वरलाई क्षमा दिनको लागि प्रार्थना गर्नुहोस् । प्रेमका साथ सत्य कुरा बोल्नुहोस्, वा केही पनि नबोल्नुहोस् ।

आजको प्रार्थनाः

पिता, मलाई सधैं सत्य बोल्नलाई याद दिलाउनुहोस् । मेरो आफ्नै झुटहरु वा छलद्धारा आफैलाई जोगाउनको सट्टा तपाईमा मलाई भरोसा राख्न सहायता गर्नुहोस् । म तपाईमा समर्पित छु र शत्रुको छल अर्थात् येशू बिना नै मेरो जीवन असल हुन सक्ट भन्ने कुरामा म विश्वास गर्नेछैन ।

आजको बाईबल खण्डः

एफिसी ४:१५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ ।

यूहन्ना ८:४४ तिमीहरु आफ्नो पिता दियाबदसका हौ, र तिमीहरुका पिताको इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ । त्यो त शुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन ।

# तपाईको शावलहरु र गोलियातहरु बीचको भिन्नाताहरुलाई चिन्नुहोस्

दाऊदको जीवनमा उनका वास्तविक दुई शत्रुहरु थिए  र उनले यी शत्रुहरुलाई एकदमै भिन्न प्रकारले व्यवाहार गरे । एउटा शत्रु, राजा शावलले उसलाई मार्नका लागि र उसको अभिषिक्त भविष्य नष्ट गर्नलाई बर्सौं सम्म लखटे । त्यसपछि, हाम्रो जीवनको गोलियातहरु छन् जसले हाम्रो गिल्ला गर्छ र हामीलाई चुनौति दिन्छ । यी शत्रुहरुका बीचमा के भिन्नताहरु छ ? राजा शावल, यद्दपि दाऊदको लागि खतरनाक थियो, जसलाई परमेश्वरले दाऊदको जीवन हुनलाई राखिदिनुभएको थियो र दाऊद शावलको अधिनमा थियो । परमेश्वरले मात्र यसलाई परिवर्तन गर्न सक्नुहुन्थ्यो । दाऊदलाई उसको आफ्नै उच्चअधिकारी विरुद्धमा हात उठाउनलाई रोकिएको थियो । गोलियात, तैपनि, दाऊदको शत्रु बाहेक अरु केही थिएन । गोलियात विरुद्धमा खडा भई उसलाई पराजित गर्ने दाऊदको अधिकार र कतर्व्य थियो ।

तपाईको जीवनमा भएको शत्रुहरुका प्रकारहरु मध्ये, कुन चाहिँ राजा शावल हो जसलाई परमेश्वरले मात्र व्यवहार गर्नु पर्छ र कुन चाहि गालियातहरु हुन् जससित तपाईले व्यवहार गर्नुपर्छ र त्यसको विरुद्धमा उभिनु पर्छ ?

## आजको प्रार्थना:

पिता, म तपाईलाई प्रेम गर्दछु । कृपया मेरो जीवनको नेतृत्वपनामा रहेका व्यक्तिहरुलाई भरोसा गर्न र आदर गर्न मलाई स्वःअनुशासित हुनलाईं मद्दत गर्नुहोस् । तिनीहरुले मलाई निकाल्न प्रयत्न गरेतापनि, त्यस कुरालाई आफैले लिन मलाई नदिनुहोस् । प्रभु, मेरो, तपाईको मानिस र तपाईको उपंहास गर्ने र सराप्ने मेरो जीवनका गोलियातहरुलाई नष्ट गर्न मलाई सहायता गर्नुहोस् । विजयीका लागि तपाईको शक्तिको लागि तपाईलाई धन्यवाद छ ।

## आजको बाईबल खण्ड:

१ शमूएल २४:६ दाऊदले आफ्ना मानिसहरुलाई भने, “मैले मेरा मालिक र परमप्रभुको अभिषिक्त जनको केही हानि गर्ने कुरा मबाट परै होस् । किनकि उहाँ परमप्रभुका अभिषिक्त जन हुनुहुन्छ ।

१ शमूएल १७:४६ आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ, र म तँलाई मारेर तेरो टाउको काट्नेछु । आज पलिश्तीहरुका लाश आकाशका चरा र जमीनका जनावरहरुलाई खुवाउनेछु, र इस्राएलमा एउटा परमेश्वर हुनुहुँदोरहेछ भनी सारा संसारले थाहा पाउनेछ ।

## टुक्रिएर होइन, शान्तिसित जानुहोस्

परमेश्वरले उहाँलाई पुकार्ने र उहाँकहाँ आउने हरेक अवसरहरु दिनुहुन्छ हाम्रो जस्तो सुकैको परिस्थितीहरुका बावजुद पनि । जब परमेश्वरले हामीलाई बोलाउनुहुन्छ, उहाँले हाम्रो कुरा सुन्नुहुन्छ, उहाँले हामीलाई उत्तर दिनुहुन्छ, र उहाँले हामीलाई पहिले कहिल्यै थाहा नगरेको महान् र शक्तिशाली कुराहरु देखाउनुहुन्छ । हाम्रो जीवनमा हामीले भोग्ने सबै सममस्याहरुका र निराशाहरुका उहाँसित उत्तर छ । उहाँको उपस्थितीमा निवेदन र प्रसंशाका साथ आई पुकार्नाले उहाँले हाम्रो कुरा सुन्नुहुन्छ भन्ने निश्चितता दिँदछ । उहाँको उपस्थितीमा आनन्दको पूर्णता पाइन्छ । जेहोस्, उहाँको प्रेम, उहाँको शान्त्वना र उहाँको अनुग्रहलाई लिदै सधैं हाम्रो प्रार्थनामा रहिरहन सक्दैनौं । एउटा समय आउँछ जब हामी अगाडि जानुपर्छ र जीवनको परिस्थितीहरुका सामना गर्नुपर्छ ।

यी समय ताका, परमेश्वरले तपाई नटुक्रिकन बरु शान्तिमा जानुभएको अपेक्षा गर्नुहुन्छ । प्रार्थनामा तपाईले परमेश्वरको शान्ति भेट्टाउनुभएको होस् जुन तपाईको जीवनका दैनिक कामहरुमा रहोस् ।

आजको प्रार्थना:

पिता, मेरो सबै परिस्थितीहरुमा दिनुभएको शान्तिको लागि तपाईलाई धन्यवाद छ । मेरो जीवनको लागि तपाईको योजना देखाउनलाई तपाईतिर म हेर्छु । तपाईको शान्तिमा हिड्ने मेरो हरेक अवसरहरुका सदुपयोग गर्न मलाई सहायता गर्नुहोस् ।

आजको बाईबल खण्ड:

फिलिप्पी ४:७ र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृ र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ ।

फिलिप्पी ४:९ तिमीहरुले जुन कुरा मबाट सिक्यौं, र ग्रहण गर्‍यौं र सुन्यौं  र ममा देख्यौं, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरुसँग हुनुहुनेछ ।

कलस्सी ३:१५  खीष्टको शान्तिले तिमीहरुका हृमा राज्य गरोस् । साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौं । तिमीहरु धन्यवादी होओ ।

# परमेश्वर जीवनको पक्षमा हुनुहुन्छ, तर उहाँले चुनाउ गर्न दिनुहुन्छ

के तपाईलाई थाहा छ कि तपाईले हिजो गर्नुभएको चुनावले तपाईको जीवन र भविष्य दुवैलाई असर गरिसकेको छ ? तपाईले हिजो गर्नुभएको तपाईको निर्णयका कारण आज तपाई जिउँदै हुनुहुन्छ । आहा,कस्तो अचम्मको विचार ! म मेरो भोलीको दिनलाई परिवर्तन गर्न सक्दछु ? हो ! परमेश्वले सम्भव भएसम्मको असल जीवन हामीसित भएको चाहानुहुन्छ, तर त्यो जीवन हाम्रो इच्छामा नभई उहाँको इच्छा अनुसारको हुनुपर्छ, हाम्रो रोजाईको नभई उहाँको रोजाईको ।

जब हामी हाम्रो परिस्थितीहरुमा आधारित भई निर्णय गर्नलाई रोज्छौं अथवा जुन कुराले हामीलाई आराम दिन्छ त्यसको आधारमा निर्णय गर्नलाई चुन्छौं, तब हाम्रो जीवनको लागि परमेश्वरको उत्तम कुरालाई महशुस गर्न सकिँदैन । सजिलो निर्णय गर्न नखोज्नुहोस्, तर निश्चित भएको निर्णय लिनुहोस् जुनले तपाईको जीवनमा रणभूल्ल पार्ने नभई बरु चरित्रलाई थप्ने काम गर्छ । परमेश्वरको जीवनको पक्षमा हुनुहुन्छ... उहाँ तपाईको जीवनको लागि हुनुहुन्छ ... तर उहाँले हामीलाई रोज्नलाई दिनुहुन्छ ।

आजको प्रार्थनाः

परमेश्वर, कृपया आज मलाई गुणस्तरीय निर्णय लिनलाई सहायता गर्नुहोस् जुनले तपाईले मेरो लागि राखिदिनुभएको निश्चित गन्तव्य पुर्‍याउन मेरो भोलीलाई बद्लिदिओस् । म अरु बढी तपाई जस्तै हुन चाहान्छु । तपाईको प्रिय पुत्रको प्रतिरुपमा मलाई ढाल्नुहोस् । म जीवनलाई रोज्दछु !

आजको बाईबल खण्डः

यहोशू २४:१५ तर यदि परमप्रभुको सेवा गर्न तिमीहरुलाई मन पर्दैन भनेता तिमीहरुले कसको सेवा गर्ने आजै तिमीहरुले रोज कि तिम्रा पिता-पुर्खाहरुले यूफ्रेटिस नदी पारि पुजेका देवताहरु कि तिमीहरु अहिले बसेका देशका एमोरीहरुका देवताहरु । तर म र मेरो घरानाले परप्रभुकै सेवा गर्नेछौं ।

यशैया ७:१४-१५ यसैकारण परमप्रभु आफैले तिमीहरुलाई एउटा चिन्ह दिनुहुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ । खराबलाई इन्कार गर्न र असललाई छान्न जानेपछि उहाँले दही र मह खानुहुनेछ ।

योएल ३:१४ “फैसला गरिने बेंसीमा धुइरोको धुइरो छ, किनकि फैसला गरिने बेंसीमा परमप्रभुको दिन नजीक आएको छ ।

## मण्डली बाहिरजानेहरु, भित्रबसिरहनेहरु, प्रार्थना गर्नेहरु र तिर्नेहरु सबै मिलेर बनेको हुन्छ ... तपाईलाई कहाँ सेवा गर्न बोलाईएको छ ?

एउटा खेलमा सफलता हासिल गर्न सबैले आ-आफ्नो स्थानमा रही तिनीहरुका आ-आफ्नो भूमिका खेल्नु पर्दछ, त्यसोभए कति धेरै, मानिसका आत्मा माथिको परमेश्वरको र शैतानको शक्तिहरु बीचको युद्धमा परमेश्वरको मानिसले आ-आफ्नो स्थानमा रही तिनीहरुका आ-आफ्नो भूमिका खेल्नु आवश्यकता छ ? मण्डली परमेश्वरको परिवार, शरीर र दुलही मात्र नभई, तर यस संसारमा यो परमेश्वरको सैनिक पनि हो ।

मण्डली भनेको बोलाईकाहरुका र एकसाथ हुनलाई बोलाईएको ख्रीष्टियनहरुको एउटा समूह हो, जो प्रत्येकलाई हाम्रो प्रायसलाई सफल बनाउनका लागि एउटा कर्तव्य र जिम्मेवारी दिईएको छ । हामी जाने र बताउनेहरु दुवै मिलेर बनेका छौं, जो काम गर्नलाई बस्छन्, कामको लागि प्रार्थना गर्छन् र कामको लागि चाहिने पैसाको लगानी गर्छन् । परमेश्वरले तपाईलाई कुन काम गर्नलाई बोलाउनुभएको छ ? तपाईको आफ्नो स्थान लिनुहोस् ... आउनुहोस् हामी जाऔं, लड़ाई गरौं र जित्औं !

आजको प्रार्थना:

परमेश्वर, म तपाईको राज्यको कामको मेरो भूमिका निभाउन र ख्रीष्टको काम गर्नलाई समर्पित गर्दछु । हे प्रभ, मलाई के का लागि बोलाईएको हो देखाउनुहोस्, मलाई तयार गर्नुहोस् र मलाई प्रयोग गर्नुहोस् । म तपाईको आज्ञापालन गर्नका लागि छु ।

आजको बाईबल खण्ड:

रोमी १२:४ किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरुको एउटै काम हुँदैन ।

१ कोरिन्थी १२:१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरु हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरु धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छन्, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ ।

एफिसी ४:१६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्धारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ ।

# सही कुरा भन्दा सही को भन्ने महत्वको हुँदैन

धेरै पटक, जब हामी अर्को व्यक्तिसित वादविवाद गर्दछौं, हाम्रो तर्कहरु हाम्रो व्यक्तिगत रुचिद्धारा प्रेरित भएको हुन्छ । साधारणतया, हाम्रो विचारहरु र भनाईहरु हामीलाई जे उत्तम हुन्छ र जुनले हाम्रो तर्कलाई प्रमाणित गर्नलाई मद्दत गर्दछ त्यसको आधारमा हुने गर्दछ । प्रत्येक व्यक्ति आफ्नै लागि सही हुन्छ ।

तैपनि, सबै नै सही भने हुँदैनन् । तपाईको दृष्टिकोणलाई फराकिलो पार्न, यस अभ्यासलाई गर्नुहोस् । अर्को पटक तपाइले कसैसित वादविवाद गर्दा, त्यस व्यक्तिालाई क्षणिकका लागि तपाईसित उसको दृष्टिकोणलाई बदल्नका लागि भन्नुहोस् । तपाईले तिनीहरुको भनाईका लागि तर्क गर्नुहोस् भने तिनीहरुलाई तपाईको भनाईको तर्क गर्न दिनुहोस् ।

यो अभ्यास खतरनाक र शिक्षा दिने दुवै हुन सक्दछ । किनकि जसले विपक्षको दृष्टिकोण अन्तरदृष्टि प्राप्त गर्न र समस्याहरु हल गर्नका लागि एउटा मूल्यवान स्रोत हुन सक्दछन् भनी विचार गरेर उत्तम निर्णय गर्नका लागि निर्धक्क हुन्छन् । संघर्ष प्राय एकताको एउटा आवश्यक कदम हो ।

आजको प्रार्थनाः

पिता, कृपया मलाई मेरो क्षमता भन्दा बढी अरुको विचार माथि विचार गर्न मलाई सहायता गर्नुहोस् । म भन्दा फरक व्यक्तिलाई आदर गर्नका लागि र सबैजना भई निकालिएको उत्तम निष्कर्षमा पुग्ने कला सिक्न मलाई अनुग्रह गर्नुहोस् । तपाई सत्यता मेरो र अरुको आँखाबाट देखाउनुहोस् ।

आजको बाईबल खण्डः

यशैया १:१८ परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं । तिमीहरुका पापहरु सिन्दूरे रङ्गका भए तापनि ती हिँउजस्तै सेता हुनेछन् । गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन् ।

प्रेरित ११:१७ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरुलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र ?

गलाती २:११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें । किनकि उनी दोषी थिए ।

# मण्डली जुन सुसमाचार प्रचार गर्ने प्रवृतिका छैन प्राय नरभञ्सी प्रवृतिको हुन्छ

परमेश्वरले मण्डलीलाई दिनुभएको एउटै मात्र युद्ध गर्न जाँदाको कमवद्धता भनेको सारा संसारमा गएर सुसमाचार सुनाउनु हो र चेला बनाउनु हो । येशूले भन्नुभयो कि उहाँ हराएका लागि मात्र खोज्न र बचाउन आउनुभयो र उहाँले खुशीका साथ ९९ भेड़ाहरुलाई स्वर्गको अनन्तामा मार्गमा छोडि हराएको एउटा भेड़ालाई खोज्न जानुहुनेछ । यो स्पष्ट छ कि हामी सुसमाचारद्धार आत्मा-बचाउनेहरु हुनलाई, खीष्ट येशूको महिमामय सुसमाचारको साक्षी हुनलाई बोलाईएका हौं । ती जसले यस प्रमुख जिम्मेवारीलाई इन्कार गर्दछ वास्तवमा मण्डली भनी बोलाउने अधिकारबाट बञ्चित हुँदछ ।

धेरै मण्डलीहरु घरेलु समस्याहरु र साधारण भौतिक कुराहरु जस्तै कार्पेटको रङ्ग, भजनको छनौट, खीष्टमसमा नाटकको लागि कसले अगुवाको भूमिका खेल्ने भन्ने सानातिना कुराहरुका कारण भाँडिएका छ र विभाजित भएका छन् । त्यसैसमयमा, आत्माहरु मर्दैछन् र नरकतिर गइरहेका छन् जब कि मण्डली भने एक अर्कासित झगदा गर्दै, चोट पुऱ्याउदै र अर्काको अस्तित्वलाई नष्ट गरिरहेका छन् । परमेश्वरको घरमा कुरा काट्ने काम गर्ने र झगदा गर्नेहरुलाई कुनै ठाउँ छैन । व्यर्थको व्यस्त व्यक्ति नहुनूहोस् ।

## आजको प्रार्थना:

प्रिय प्रभु, म प्रार्थना गर्दछु कि तपाईले मलाई र अरुहरुलाई व्यर्थको कुरामा वादविवाद नगरी र आफ्नो आत्मालाई परमेश्वरको राज्यमा नयाँ गरी जन्मनका लागि कुनै बाधा नपुऱ्याई म तपाईको संतगीमा असल धेयकासाथ रहन सकूँ । म जिम्मेवारीको उच्च मार्गमा हिड्न चाहान्छु ।

## आजको बाईबल खण्ड:

१ तिमोथी ५:१३ त्यसबाहेक तिनीहरु घर-घर डुल्ने भई अल्छी गर्ने मात्र होइन तर कुराउटे, अर्काको काममा हात हाल्ने, बोल्नु नहुने कुराहरु बोल्ने हुन्छन् ।

२ थेसलोनिकी ३:११ स्त्रीहरु पनि यहीबमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वायोग्य हुनुपर्छ ।

हितोपदेश ११:३० धर्मात्माको फल जीवनको रुख हो, अनि जसले मानिसहरु उद्धारमा ल्याउँछ, त्यो बुद्धिमान् हो ।

# कुनै एउटा समयमा जीवनमाथि विजय प्राप्त गर्न सकिनेछ

विजयताहरु जन्मसिद्ध हुँदैन, तिनीहरु समयको अनरालमा विकसित हुँदछन् । तिनीहरुले लक्ष्यलाई स्पष्टतामा थाहा गरेका हुन्छन् । तिनीहरुले जीवनमा के कुरामा सफलता पाउन चाहान्छन् भनी तिनीहरुलाई थाहा हुन्छ । ओलम्पिकका स्वर्ण विजयताहरु मध्ये धेरैले त्यस प्रतियोगितामा सहभागी हुनु भन्दा धेरै बर्ष अघि नै एट्थ्लेटिकको त्यो गौरवमय प्रतिस्थालाई जित्ने कुरा सोच्न थाल्दछन् ।

के तपाई कहिल्यै सर्वोत्कृष्ट हुने कल्पना गर्नुभएको छ... सर्वोकृष्ट पति, पत्नि,पिता, माता, छोरा, छोरी अथवा परमेश्वरको असल छोरा ? यो इच्छाबाट शुरु हुँदछ । त्यसपछि तपाईले प्रत्येक दिनलाई प्रयोग गर्दै ठूलो हुने एउटा अनुकुल योजना बनाउनु पर्दछ । औसतबाट सफलतातिर तालिमले ल्याउँदछ । कुनै एउटा समयमा जीवनमाथि विजय प्राप्त गर्न सकिने छ भनी तपाईले देख्न सक्नुहुन्छ । तपाईले दैनिक रुपमा विजय प्रँप्त गर्नलाई नसिक्नुभए सम्म तपाई कहिल्यै विजयता बन्न सक्नुहुन्न ।

आजको प्रार्थनाः

पिता, कृपया मलाई एउटा दैनिक रणनितिभएको भविष्यको परिकल्पना प्राप्त गर्नलाई सहायता गर्नुहोस् । आजको दिनको बलिदान बिना नै भोलिको दिनमा केन्द्रित हुन मलाई सहायता गर्नुहोस् । मलाई सानो कुराहरु गर्नलाई सम्झाउनुहोस् ताकि तपाईले मलाई ठूलो कुरा सुम्पन भरोसा गर्न सक्नुहोस् । मलाई सर्वोकृष्ट हुनलाई तपाईको सहायता चाहिन्छ ।

आजको बाईबल खण्डः

१ कोरिन्थी ९:२४ के तिमीहरुलाई थाहा छैन, दौड़मा दगुर्नेहरु सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाँउछ ? तिमीहरु इनाम प्राप्त गर्ने किसिमले दौड ।

हिब्रु १२:१ यसकारण यतिका साक्षीहरुको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड़ धैर्यसाथ दौंडौं ।

# बिहानको खाना बोक्नलाई नर्बिसनुहोस्

आज, येशूले उहाँको आखाँ घुमाउनुहुन्छ र उहाँले एउटा ठूलो भीड उहाँतिर आइरहेको देख्नुहुन्छ । उहाँले हामीलाई त्यति ठूलो भीडका लागि कहाँबाट रोटी पुऱ्याउनेछौं भनी सोध्दै हुनुहुन्छ । येशूलाई पहिलेबाट नै उहाँले सोध्नु भएको प्रश्नको उत्तर थाहा छ । तैपनि, उहाँले भीडलाइ् जीवनको रोटी तपाईले नै दिएको अपेक्षा गर्नुहुन्छ । यदि तपाईलाई मर्कूस ६ अध्यायको कथा थाहा छ भने, येशूका चेलाहरुलाई तिनीहरुले के गर्ने भन्ने थाहा थिएन । त्यस दिनका लागि तिनीहरु तयारी भएका थिएनन् र खाना लानु पर्ने समान्य आवश्यकतालाई पनि विचार पुऱ्याएनन् ।

परमेश्वरको हातमा थोरै पनि धेरै हुन्छ, र हामीले हरेक दिन उहाँलाई दिन सक्ने सामान्य कुराहरु पनिले पनि एउटा ठूलो फरक पार्न सक्दछ । एउटा सानो ठिटोले आफैलाई त्यस दिनका लागि तयारी गरे । फलस्वरुप, येशूले त्यस ठिटोको व्यक्तिगत तयारीलाई प्रयोग गर्नुभयो र बिना तयारी आएकाहरुका खाँचो पूर्ति गर्नलाई त्यसको तयारीलाई बढाईदिनुभयो । बिहानको खाना बोक्नलाई नर्बिसनुहोस् । हरेक बिहान परमेश्वरबाट वचन प्राप्त गर्नलाई समय दिनुहोस् र त्यसलाई तपाई जहाँकहीँ पनि जानुहुन्छ लिएर जानुहोस् ।

आजको प्रार्थना:

पिता, म चेला भएको लागि तपाईलाई धन्यवाद दिँदछु । मेरो भविष्यको लागि तयारी गर्नलाई उत्साहित छु । म आजैबाट योजना बनाउन शुरु गर्दछु ताकि तपाईले मलाई बोलाउँदा म तयारी हुनेछु । भीडलाई खुवाउनका लागि मसित भएको थोरै कुरालाई तपाईले प्रयोग गर्नुहोस् । म उपलब्ध छु ।

आजको बाईबल खण्ड:

यूहन्ना ६:५ उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो ।

यूहन्ना ६:९ "यहाँ एउटा ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन् । तर यति धेरैका निम्ति यतिले के पुग्ला र ?"

## राज्यको संस्कृतिलाई अङ्गाल्नुहोस्

पुरै संसार, हरेक राष्ट्र र वास्तवमै, धेरै समुदायहरु विभिन्न संस्कृतिहरु, जातिहरु र संस्कूतिहरुका समुदायका मानिसहरुले भरिदैछन् । हरेक आफ्नो संस्कृति र इतिहास जुन तिनीहरुका पुर्खाले आकारदिए त्यसमा रमाउँछन् र जसले रितिथिती र भद्रतालाई एक पछि अर्को पुस्तामा सार्दै गएका छन् । हाम्रो संस्कृतिले प्राय: के सही हो र के गलत हो, के स्वीकार्य छ र के अस्वीकार्य छ भनी भन्दछ, र हामीलाई जीवनको नियमहरु सामूहिकरुपमा स्थापित गर्नलाई मञ्च दिँदछ, ताकि हामी हाम्रो समुदायमा भएका अरुहरुसित शान्ति र सुरक्षित जिउन सकौं ।

हाम्रो संस्कृतिले हामीलाई मानिसहरुसित जोड्ने काम गर्ने मात्र नभई, तर यसले हामीलाई ती जसले हाम्रो आस्थामा र जीवन जिउने तौरतरिकामा विश्वास गर्दैनन् तीबाट पनि विभाजित गर्दछ । कुनै एउटा समुदायमा मान्य भएको कुरा अर्को समुदायका लागि अमान्य हुन सक्दछ । यसकारणले गर्दा, हामी खीष्टका विश्वासी र मण्डलीको सदस्य भएको हुनाले हाम्रो जन्म भएको संस्कृति भन्दा माथिको परमेश्वरको राज्यको संस्कृतिलाई अङ्गाल्नु आवश्यक छ । हामीले हाम्रो पुरानो मनुष्त्वलाई फ्याँक्ने प्रयत्न गर्नुपदर्छ र नयाँ सृष्टिको मनुष्त्वलाई, एउटा स्वर्ग नागरिको रुप र परमेश्वरको सन्तानको रुप धारण गर्नुपर्दछ । परमेश्वरको रँज्यको संस्कृतिलाई अङ्गाल्नुहोस् ।

<u>आजको प्रार्थना:</u>

पिता, जसै मेरो आफ्नो संस्कृति भन्दा माथिको तपाईको राज्यको संस्कृति र परम्परालाई अङ्गाल्न संघर्ष गर्दैछु मलाई तपाईको मार्ग सिकाउनुहोस् । मलाई जहाँ परिवर्तन हुनलाई आवश्यक छ त्यसमा येशूको नाउँमा परिवर्तन हुन मलाई सहायता गर्नुहोस् ।

<u>आजको बाईबल खण्ड:</u>

मत्ति १८:३ र भन्नुभयो, “साँच्चै, म तिमीहरुलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरु साना बालकहरुजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौं ।

एफिसी ३:२० उहाँलाई जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ ।

एफिसी २:१९ यसरी अब तिमीहरु विदेशी र प्रवासी होइनौ, तर सन्तहरुसँग तिमीहरु सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौं ।

## हामी परमेश्वरसितको सम्बन्धका लागि नियम बनाउन सक्दैनौं

परमेश्वर हाम्रो कल्पना भन्दा पनि परको परिकल्पना गर्न सक्ने परमेश्वर हुनुहुन्छ, हाम्रो नियम भन्दा परको परमेश्वर उहाँ हुनुहुन्छ र प्रायःहाम्रो सुव्यवस्थितपनाको प्रयासद्धारा उहाँको योजना हामी केही गर्न सक्दैनौं, यद्दपि यो उच्च पदधिकारीद्धारा शासन गरिएको प्रसाशन हो । हातले देखाएको भरमा भाग्य निर्धारण हुँदैन र परमेश्वरको योजनाको संरचना मानिसको क्षमताहरु भन्दा धेरै माथि छ । उहाँको मार्गहरु भनेको विगतलाई पत्ता लगाउनका लागि हो । यसकारण, प्रत्येक व्यक्ति, हरेक परिवार र सबै कुराहरु जुन मण्डलीको हो आत्माको अगुवाईमा चल्नु पर्दछ न त एउटा साधारण लोकतान्त्रिक पद्दतिबाट निदेर्शित भएर होईन ।

परमेश्वर बिना कारण केही गर्नुहुन्न । तैपनि, उहाँ सबै भन्दा उच्चका हुनुहुन्छ र मानिसको महान ज्ञानद्धारा उहाँलाई सिमित गर्न सकिदैन । जब परमेश्वर एक नम्बरमा हुनुहुन्छ दोस्रो नम्बरमा को छ भन्नुको केही अर्थ छैन । एउटा व्यक्ति वा मण्डली असल काम गर्दछ जब तिनीहरुले कसले श्रेय पाउने भनी वास्ता गर्दैनन् ।

आजको प्रार्थनाः

परमेश्वर, तपाईको आत्माद्धारा मलाई अगुवाई गर्नुहोस् र तपाईले म भन्दा माथि अगुवाईमा राखिदिनुभएको अगुवाहरुलाई पछ्याउनका लागि चाहिने अनुग्रह र आत्मविश्वास मलाई दिनुहोस् । तपाईले चुन्नुभएको प्रति विश्वायोग्य र सहायता म पुऱ्याउनेछु ।

आजको बाईबल खण्डः

रोमी ८ः१४ किनभने सबै, जो परमेश्वरको आत्माद्धारा डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् ।

गन्ती १६ः३ उनीहरु मोशा र हारुनका विरुद्धमा जम्मा भई तिनीहरुले भने, "तपाईहरुले अति गर्नुभयो ! समुदायका सबै जना पवित्र छन्, र परमप्रभु तिनीहरुका बीचमा हुनुहुन्छ । तपाईहरु किन आफूलाई सबैभन्दा उच्च तुल्याउनुहुन्छ ?"

# जीवनले तपाईलाई निराश बनाउने छ, शिक्षा दिनेछ, वा तपाईलाई उत्प्रेरणा दिनेछ- रोज्ने काम तपाईको हो

कहिले-काही खराब कुराहरु राम्रो व्यक्तिसित पनि घट्न सक्दछ । जब यूसुफलाई दासत्वका लागि बेचिएको थियो र उनले कल्पना पनि नगरेको तुच्छताको जीवन जिउनु परेको थियो, उनले सकरात्मक सोचाई राखे र उनलाई छुटाउनका लागि परमेश्वरलाई धैर्यतापूर्वक पर्खे । जब सबै कुरामा कुनै आशा देखेन्न र उनलाई राजाको कारागारमा बिना कुनै सम्झना छाडियो, परमेश्वरले यूसुफका लागि काम गर्नलाई निरन्तरता दिनुभयो र उनका लागि अति असल काम गर्नुभयो । शैतानको योजना भनेको तपाईको जीवनको परिस्थितीहरुलाई लिनु र त्यसलाई तपाईको भविष्य र तपाईलाई नष्ट गर्नका लागि प्रयोग गर्नका लागि हो । परमेश्वरले तपाईको जीवनको परिस्थितीहरुलाई लिनुहुन्छ र त्यसलाईं तपाईको भविष्य र एउटा आशा निर्धारण गर्नका लागि प्रयोग गर्नुहुन्छ ।

जब हामी जीवनको कठिनाईहरुबाट भएर गईरहेका हुन्छौं, हामीले पहिलेबाट नै थाहा गर्नु पर्छ कि शैतानले खराबी गर्नका लागि काम गर्दछ, तर परमेश्वरले सबै कुरा भलाईमा परिवर्तनमा गरिदिनुहुनेछ । जीवनदेखि तपाई निराशित नहुनुहोस् । हर समय तपाईलाई निराश बनाईराख्न जीवन अति नै छोटो छ । बरु,जीवनलाई शिक्षाको लागि र वास्तवमा नै अर्थ राख्ने कुराहरुमा ... परमेश्वरबाटको आशामा केन्द्रित हुनका लागि प्रोत्साहित हुनका लागि लिनुहोस् ।

## आजको प्रार्थना:

पिता, येशू खीष्टको नाउँमा म तपाईसित माग्दछु कि,जीवनको आँधीहरुबाट भएर जानलाई जोड दिनका लागि मलाई सहायता गर्नुहोस् । तपाईको मद्दतबाट म विजयी हुनेछु र यी कठिनाईहरुलाईं जित्नेछु । किनकि मलाई थाहा छ कि तपाईसित मेरो जीवनको लागि ठूलो योजना छ र तपाईले मेरो बैरीहरुलाई मेरो जीवनको शिक्षाहरु मध्ये एउटामा परिवर्तन गरिदिनुहुनेछ । तपाईलाई धन्यवाद , आमेन ।

## आजको बाईबल खण्ड:

२ कोरिन्थी ४:१७-१८ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ । हामी दृश्य कुराहरुलाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

उत्पत्ति ५०:२० तिमीहरुले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौं, तर परमेश्वरले त्यही कामद्वारा भलाई गर्ने विचार गर्नुभयो, ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरु बाँचिरहून् । प्रस्थान १:१२ चार जति-जति उनीहरुले तिनीहरुलाई सताए, उति-उति तिनीहरुको संख्या बढ्न लाग्यो, र तिनीहरु झन्-झन् फैलिँदैगए । यसैले इस्राएली जातिसँग उनीहरु डराउन लागे ।

## जे कुराले तपाईमा काम गर्दछ तपाईलाई तपाईभित्र काम गर्न नदिनुहोस् अथवा यसलाई तपाईद्धारा भएर काम गर्न नदिनुहोस् । तर बरु, तपाईमा काम गर्ने र तपाईबाट भएर काम गर्ने परमेश्वरको वचनलाई तपाईभित्र काम गर्न दिनुहोस्

हाल जीवनले तपाईमा काम गर्दै छ । बिहान तपाई उठ्नुभएको समय देखि राति तपाई सुत्न नजानुभए सम्म, यो संसारको शैलीले तपाईलाई प्रभावित पार्न खोज्दछ । यदि तपाई सर्तक हुनुहुन्न भने, ती दवाबहरु जसले हामी माथि काम गर्दछ, त्यो हाम्रो मनमा पस्दछ, हाम्रो विचारलाई अधिन गर्दछ र हाम्रो भावनाहरुलाई नियन्त्रित गर्दछ । जे कुराले हामी माथि काम गर्दछ त्यसले हामीभित्र पनि काम गर्न चाहान्छ ताकि पछिबाट यसले हामीबाट भएर काम गर्न सकोस् र अरु मानिसहरुलाई असर पार्न सकोस् ।

हामी माथि काम गर्ने परमेश्वरको वचनलाई हामीभित्र काम गर्न दिनुपर्छ, र तब ब्रम्हाण्डको सृष्टिकर्ताले हामीबाट भएर काम गर्न सक्नुहुन्छ । याद राख्नुहोस् कि, परमेश्वरको वचनको लगातारको भोजन बिना, संसारको मनोविज्ञानले तपाईको जीवनमा जरा गाँड्न सक्दछ र तपाई माथि विजयी हुँदछ ।

आजको प्रार्थना:

पिता, म धन्यवादी छु कि हरेक दिन तपाईले तपाईको वचन, तपाईको मन र तपाईको इच्छामा लाग्ने मेरो दृष्टिकोणलाई परिवर्तन गर्दै हुनुहुन्छ । म माटो हुँ र तपाई मेरो कुमाले हुनुहुन्छ । जसै तपाईको वचन मभित्र जाँदछ, यसलाई मभित्र काम गर्न दिनुहोस् ताकि तपाईले म बाट भएर काम गर्न सक्नुभएको होस् । मेरो जीवनमा तपाईको इच्छा पुरा होस् । आमेन ।

आजको बाईबल खण्ड:

यूहन्ना १६:३३ मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।

याकूब १:२ मेरा भाइ हो, तिमीहरुमाथि विभिन्न किसिमका आपद्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ ।

१ थेसलोनिकी २:१३ यसकारण यसको निम्ति हामी पनि परमेश्वरलाई निरन्तर धन्यवाद चढ़ाउँछौं, कि तिमीहरुले हामीबाट सुनेको वचन, जो वास्तवमा परमेश्वरको वचन हो, सो तिमीहरुले मानिसको वचनजस्तै हाइन, तर परमेश्वरको वचनजस्तै ग्रहण गर्‍यौं, जुन वचनले तिमी विश्वासीहरुमा काम गर्दछ ।

## एउटा व्यक्ति जुन ठाउँको मण्डलीमा जाँदछ सम्भवतः त्यसले किन तिनीहरु मण्डली जाँदछन् भन्ने कुरालाई प्रकट गर्दछ

मानिसहरु किन मण्डली जान्छन् भनी त्यहाँ धेरै कारणहरु छन् । केही मानिसहरु पदका लागि मण्डली जान्छन् ( आराधना झुण्डमा गाउनका लागि, कर्मचारीको रुपमा काम गर्न आदि) । केही मानिसहरु व्यक्तित्वका लागि मण्डली जान्छन् ( तिनीहरुलाई प्रचारक मनपरेको कारणले गर्दा, तिनीहरुले चिनेको साथीहरु मण्डलीमा भएको कारणले गर्दा, आदि) । केही मानिसहरु आनन्दका लागि मण्डली जान्छन् । तिनीहरु अर्को मनोरञ्जनको यात्राको लागि वा घटनाको लागि पर्खि वसेका छन् । यी सबै असल कारणहरु हुन् ।

मलाई लाग्दछ कि कसैले मण्डली जानुको सबै भन्दा महत्वपूर्ण कारण भनेको उद्देश्यको लागि हो । त्यो मण्डलीको के उद्देश्यका लागि हो ? के त्यस मण्डलीको उद्देश्य संसारभरि नै सुसमाचार लैजानु हो ? तपाईको समय, धन र योग्यताहरु मूल्यवान उपयोगी वस्तु हुन् जसलाई बुद्धिमतितापूर्वक लगानी गरिनुपर्दछ । तपाई किन तपाईको स्थानिय मण्डलीसित जोडिनुभएको छ त्यसको निर्धारण गर्न आफैलाई जाँच्नुहोस् । यदि यी कारणहरु उचित छैनन् भने, तपाईले मण्डलीहरु परिवर्तन गर्नु पूर्व तपाईको कारणहरुलाई बदल्नुहोस् ।

आजको प्रार्थनाः

पिता, मण्डली जानुको मेरो कारणहरुलाई जाँच्न मलाई सहायता गर्नुहोस् र यदि तिनीहरुको तपाईको इच्छाअनुसार छैनन् भने, त्यसलाई पुनः मूल्याङ्कन गर्न र आवश्यकता अनुसार परिवर्तन गर्न मलाई सहायता गर्नुहोस् । कृपया मेरो मण्डली आशिष् दिनुहोस् ताकि हामी तपाईका लागि अरु असल हुन सकौं ।

आजको बाईबल खण्डः

प्रेरित २:४७ र परमेश्वरको प्रशंसा गर्दौ, र सबै मानिसहरुबाट शुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो ।

१ कोरिन्थी १४:१२ यसरी नै तिमीहरु पनि पवित्र आत्माका वरदानहरुका निम्ति उत्सुक भएका हुनाले मण्डली निर्माणको काममा श्रेष्ठता हासिल गर्ने प्रयत्न गर ।

हिब्रु १०:२५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोड़ौं । तर प्रभुको दिन नजीक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ ।

## अधिकारीको बोली अन्मि वचन हो

“मैले भनेको कारण त्यसै हुनुपर्छ ”सायद यो हामी सबैका लागि परिचित भनाई हुनुपर्छ । नानी हुँदा, कति पटक त्यस्तो प्रतिक्रिया हाम्रो आमा-बाबुबाट हामले सुनेका थियौं ? सानैदेखि हामी अधिकार र अनुमतिको बारेमा सिक्न थालेका हुन्छौं । वर्षहरुको निरन्तर प्रगतिबाट, हामी भिन्न प्रकारका अधिकारीहरुसित परिचित हुन्छौं– शिक्षकहरु, हाकिमहरु र सरकार आदि । यी अधिकारीहरुका कुरामा या हामी ध्यान दिन सक्छौ अथवा हाम्रो आफ्नै बाटो लाग्न सक्दछौं । पछिबाट, यद्दपि, स्वःइच्छा वा मजबुरी दुवै कारणबाट हरेक जना अधिकारी प्रति समर्पित हुनुपर्दछ ।

सफलता र जीवनको पूर्णताको साँचोहरु मध्ये एउटा साँचो भनेको अधिकारीको भनाई अन्तिम वा आधिकारी हुन्छ भनी थाहा गर्नु हो । बाईबलले हामीलाई भन्दछ कि परमेश्वरले संसार र स्वर्ग दुवै ठाँउमा उच्चअधिकारी नियुक्त गर्नुभएको छ । त्यसैले अन्तमा, या हामी परमेश्वरको आज्ञा मान्दछौं अथवा उहाँको अवाज्ञा गर्दछौं जब हामी माथि भएको अधिकारीको निर्देशनहरुलाई र नियमहरुलाई पछ्याउँछौं । असल कर्मचारीहरु भएर, असल नागरिकहरु भएर, र असल आर्दश व्यक्तिहरु भएर, वास्तवमा हामी परमेश्वरलाई आदर गर्दछौं र स्वर्गिय पिताको असल छोरा-छोरीहरु हुँदछौं ।

### आजको प्रार्थनाः

पिता, म तपाईको एउटा असल र आज्ञाकारी सन्तान हुन चाहान्छु । मलाई थाहा छ कि जीवन भनेको मेरै लागि मात्र होइन, तर तपाईको लागि पनि हो । कृपया सबै अधिकारीहरु तपाईबाट नै नियुक्त हुन्छन् भनी मलाई याद दिलाउनुहोस् । कृपया मलाई मेरो भविष्यको सफलताको लागि आजै मेरा अधिकारीहरुसित कसरी मैले काम गर्न सक्छु भनी देखाउँनुहोस् ।

### आजको बाईबल खण्डः

हितोपदेश १९:२१ मानिसको हृमा धेरै योजनाहरु हुन्छन्, तर परमप्रभुकै उद्देश्य विजयी रहन्छ ।

रोमी १३:१-२ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासहरु छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरुका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरुले दण्डको आज्ञा पाउनेछन् ।

## जुन कुरालाई कसैले त्याग्दैन वा गर्न छोड्दैन त्यसले जीवनलाई नियन्त्रित गर्दछ

बाईबलमा त्यहाँ दुई जना मानिसहरु छन् जसले उनीहरुसित भएको कुरा त्याग्न इन्कार गरे । एक जना मत्ति १९ अध्यायमा दिईएको धनी युवक जो अति नै धनी थिए र येशूको आज्ञाको वावजूद पनि गरिबहरुलाई उसको धन दिनलाई इन्कार गरे । उसको पैसा उसैसित रह्‍यो, तर येशूलाई पछ्याउने मौकालाई भने गुमायो । अर्को व्यक्ति प्रेरित पत्रुस थिए, जुन मत्ति १९ अध्यायमा नै दिईएको छ । पत्रुसले भन्यो कि उसले र अरु चेलाहरुले येशूलाई पछ्याउनका खातिर सबै थोकहरुलाई त्यागेका छन् । यी दुई मानिसहरुमा के भिन्नता छ ? वास्तवमा धेरै छैन ।

यी दुवैं मानिसहरुले तिनीहरुले अति नै महत्व दिएका कुराहरुलाई त्याग्न इन्कार गरे । जवान शासकले उसको धनलाई सबै कुरा भन्दा माथि महत्व दिए, जबकि पत्रुसले येशूसितको सम्बन्धलाई जीवन भन्दा पनि बढी महत्व दिए । जुन कुरालाई कसैले त्याग्दैन वा गर्न छोड्दैन त्यसले जीवनलाई नियन्त्रित गर्दछ ।

आजको प्रार्थना:

प्रभु, तपाईलाई मेरो हृ कस्तो छ भनी थाहा छ । कृपया कसरी मेरो जीवनको प्राथमिकताहरुलाई क्रमवद्धता गर्ने भनी मलाई देखाउँनुहोस् । तपाईको जस्तै मेरो प्राथमिकता हुनलाई मलाई सहायता गर्नुहोस् । जीवनको एउटा उदाहरण हुन म चाहान्छु ताकि अरुहरुले त्यसलाई पूर्ण आत्मविश्वासकासाथ पछ्याउन सकूनँ ।

आजको बाईबल खण्ड:

मत्ति १९:२१-२२ येशूले भन्नुभयो, " तिमी सिद्ध हुन चाहन्छौं भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरुलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौं, अनि आएर मपछि लाग ।" जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो ।

मत्ति १९:२७ तब पत्रुसले उहाँलाई भने, "हेर्नुहोस् हामीले त सबै थोक छोडेर तपाईको पछि लागेका छौं । हामीले चाहिँ के पाउनेछौं ?"

## तपाईको नकरात्मकतालाई शुद्धता थप्नुहोस्, एउटा सकारात्मक शुद्धता

धेरै व्यक्तिहरु सोच्ने गर्दछन् कि खीष्टियन भएपछि कुनै मनोरञ्जन लिनु हुँदैन । यो विचारलाई नकरात्मक शुद्धता भनी भनिन्छ- " म खीष्टियन भएको कारणले, मैले मनोरञ्जनको कुनै पनि कुराहरु .. जुन मैले एक समय गर्ने गर्थे, त्यो गर्न सक्दिन । " खराब काम नगर्नु निश्चितरुपमा शुद्धतालाई कायम राखिराख्ने मूल्यवान माध्यम हो । तैपनि, खराब काम नगर्नु मात्र नभई येशूसितको सम्बन्ध पनि त्यहाँ छ ।

येशूले हामीलाई भन्नुभयो कि उहाँले हामीलाई एउटा भिन्न प्रकारको जीवन दिनुभएको छ- एउटा जीवन जुन वास्तवमा पूर्ण छ । सुखी जीवन जिउनुको एउटा तरिका हो, उहाँलाई खुशी पर्ने कुरा के हो भनेर पत्ता लगाई त्यसलाई गर्नु हो । यसो गर्नु भनेको हाम्रो नकरात्मक शुद्धतामा (त्यो काम नगर्नु जुन गर्दा उहाँ दुःखी हुनुहुन्छ) सकरात्मक शुद्धतालाई (परमेश्वरको लागि केही गर्नु) थप्नु हो । भजन संग्रह १ ले हामीलाई भन्दछ कि एउटा व्यक्ति जसले कसरी परमेश्वरलाई खुशी पर्ने भनी त्यसको बारेमा विचार गर्दछ त्यसको उन्नती हुँदछ ।

### आजको प्रार्थनाः

परमेश्वर, मलाई थाहा छ कि मैले एउट सुखी र पूर्णताको जीवन जिएको चाहा गर्नुहुन्छ । कृपया, त्यो उद्देश्यलाई पुरा गर्न मैले गर्न सक्ने कुराहरु मलाई देखाउनुहोस् । आज कसरी मैले तपाईलाई खुशी बनाउन सक्दछु भनी देखाउनुहोस् र कसरी अरुहरुले पछ्याउन सक्ने उदारण बन्न सक्दछु भनी मलाई सिकाउनुहोस् ।

### आजको बाईबल खण्डः

भजनसंग्रह १:१-३ धन्य हो त्यो मानिस, जो दुष्टहरुको सल्लाहमा हिँड्दैन, जो पापीहरुको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरुको सङ्गतमा बस्दैन । तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन् गर्छ । त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन । जसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ ।

## चाल्नु पर्ने कदमतिर वाल्ल परेर हेर्नु भन्दा हामीले खुद्किलोहरु चढ्नु पर्दछ

कहिलेकाही हातमा भएको काममाथि विजय प्राप्त गर्न सकिदैन । म कल्पना गर्दछु कि जब दाउद गोलियातको अगाडि खड़ा भएका थिए, उनको पनि केही त्यस्तै विचार थियो । जब परमेश्वरले नोहालाई १०० वर्ष बनाउन लाग्ने एउटा ठूलो जहाज बनाउनलाई भन्नुभएको थियो, उनलाई पनि सम्भवतः यस्तै अनुभव भयो होला । यूसुफलाई उनको सपना पूरा नहुँदा सम्म त्यसमाथि केन्द्रित भई बस्न २५ वर्ष लागेको थियो ।

कसरी एउटा व्यक्तिले जीवनको अति दुःख दिने शत्रुलाई पराजित गर्न सक्दछ ? कसरी तपाई ऋण मुक्त हुनुहुन्छ, टुकन लागेको बैवाहिक सम्बन्धलाई फेरी जोड्नु हुन्छ, अथवा लागू दूर्बेसनीको लडाई माथि विजयी हुनुहुन्छ ? यो एकदमै सरल छ । चाल्नु पर्ने कदमतिर वाल्ल परेर हेर्नु भन्दा हामीले खुद्किलोहरु चढ्नुपर्दछ... एउटा समयमा एक-एक खुद्किलो चढ्नु पर्दछ । परमेश्वरसित अर्को कदम चाल्नका लागि प्रार्थना गर्नुहोस् र त्यसपछि त्यही नबसिराख्नुहोस् .... अर्को पाइला चाल्नुहोस् ।

आजको प्रार्थना:

पिता, मलाई विजयी बनाउनुभएको लागि धन्यवाद छ । एक-एक गरी मेरो जीवनको ठूला शुत्रुहरुलाई म पराजित गर्नेछु । तपाईले मलाई विजयी हुन र अधिकार गर्नका लागि सृजनुभएको हो । म खीष्ट येशूद्धारा मेरो जीवनमा शासन र अधिकार गर्न सक्दछु, जसको लागि तपाईलाई धन्यवाद छ । आज म अर्को कदम चाल्नेछु ।

आजको बाईबल खण्ड:

भजनसंग्रह ३७:२३ यदि परमप्रभुलाई मानिसको मार्ग मन पऱ्यो भने, उहाँले त्यसका पाइला दह्लिा पार्नुहुन्छ ।

भजनसंग्रह ३७:३१ त्यसको हृमा त्यसका परमेश्वरको व्यवस्था हुन्छ, त्यसका खुट्टा चिप्लँदैनन् ।

१ पत्रुस २:२१ किनकि यसैको निम्ति तिमीहरु बोलाइएका हौं । खीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोड़िजानुभयो, र तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्छ ।

# एउटा मानिसले असिमित भलाई गर्न सक्दछ यदि उसले त्यसको श्रेय कसलाई दिने भनी मतलब गर्दैन

त्यहाँ धेरै उत्प्रेरणाहरु छन् जुसले हामीलाई एउटा व्यक्तिले गर्न चाहेको काम किन गर्दछ भन्ने बताउन । र्दुभाग्यवश, विरलै मात्र त्यस्ता व्यक्ति भटिन्छ जसले तिनीहरुको समय, योग्यता, र धन अर्को व्यक्तिको कुनै भलाई गर्नका लागि निसंकोच साथ त्यसको श्रेय तिनीहरुले पाउने छन् भनी निश्चित नभई नै आफ्नो सबै खर्चन्छ । धेरै पटक यसले भलाईको परिणामलाई सिमित पार्दछ जुन एउटा व्यक्तिको लागि मात्र माथिल्लो स्थान भएको हुँदा पूरा गर्न सकिन्छ ।

एउटा मानिसले असिमित भलाई गर्न सक्दछ वा अरुलाई दिन सक्दछ यदि उसले त्यसको श्रेय कसलाई दिने भनी मतलब गर्दैन । कस्तो उत्प्रेरणाका कारण तपाई अरुहरुलाई मद्दत गर्न आफ्नो धन र समय दिनुहुन्छ अथवा तपाईको क्षमतालाई प्रयोग गर्नुहुन्छ भनी विचार गर्नुहोस् । के तपाई फाईदा नपाएपनि कुनै भलाई गर्ने काममा महत्वपूर्ण रुपमा संलग्न हुनुहुन्छ ? यदि हुनुहुन्न भने, किन हुनुहुन्न ?

आजको प्रार्थना:

प्रिय परमेश्वर, म त्यो व्यक्ति हुन चाहान्न जो स्वार्थको भावनाद्धारा व्यक्तिगत प्राप्ति र सट्टामा केही पाउने आशाका साथ प्रेरित भई कुनै काम गर्दछ । मसित बोल्नुहोस् र मैले के कुरामा संलग्न भएको तपाई चाहा गर्नुहुन्छ त्यो भन्नुहोस् र बिना कुनै इनाम तपाईको आज्ञा पालना गर्नेछु ।

आजको बाईबल खण्ड:

मत्ति ६:१-५ “होशियार बस, तिमीहरु मानिसहरुलाई देखाउनलाई धर्मकार्य नगर । नत्रता स्वर्गमा हुनुहुने तिमीहरुका पिताबाट तिमीहरुले केही इनाम पाउनेछैनौं । यसकारण जब तिमीहरु दान दिन्छौं, तब आफ्ना सामु तुरही नबजाओ, जस्तो पाखण्डीहरुले सभाघरहरु र सड़कहरुमा मानिसहरुबाट प्रशंसा पाउनलाई गर्दछन् । साँच्चै, म तिमीहरुलाई भन्दछु, तिनीहरुले आफ्ना इनाम पाइसकेका छन् । तर जब तिमी दान दिँदछौं, तिम्रो दाहिने हाले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस् । तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ । जब तिमी प्रार्थना गर्दछौं तब पाखण्डीहरुजस्ता नहोओ, किनकि तिनीहरु सभाघरहरुमा र सड़कहरुका कुनामा मानिसहरुले देखून् भनी खड़ा भएर प्रार्थना गर्न मन गर्दछन् । साँच्चै, म तिमीहररुलाई भन्दछु, तिनीहरुले आफ्नो इनाम पाइसकेका छन् ।

## गोरु र गधालाई एउटै जुवामा ननार्नुहोस् (नजोत्नुहोस्)

बाईबलले जवान सेवकहरुलाई र तिनीहरुले गरेको परमेश्वरको कामलाई गोरुसित तुलना गरेको छ । यो पशुलाई भरोसा र शक्ति र निरन्तर काम गरिरहने पशुको रुपमा चिनिन्छ । तिनीहरु प्रायः एउटै कामलाई पटक-पटक गरिरहनमा बिना कुनै गुनासो आनन्द र सन्तुष्ट महशुस गर्दछन् र तिनीहरु बानी र दैनिकीका आदी भएका पशु हुन् । अर्कोतिर गधा, स्वभावले नै जंगली हुन्छन् र कुनै कुरामा पनि अनुशासित हुन असफल हुन्छन् । तिनीहरुको स्वास विषालु र तिनीहरुको टोकाई संक्रमण गर्ने खालको हुन्छ । एउटा समूहमा काम गर्नुको सट्टा, तिनीहरुले या तिनीहरुको साथीलाई ढकेल्ने काम गर्दछ वा आफ्नो मालिकलाई चिच्याएर बोलाउने काम गर्दछ र सन्तुष्ट हुनलाई इन्कार गर्दछ ।

लामो समय सम्म जुवा बोक्दा, गधाहरुले गोरुलाई चोट पुऱ्याउँछ र पछिबाट उसको क्षमतालाई र निरन्तर काम गरिरहने आदतलाई नै नष्ट पारिदिन्छ । सम्भवतः, हामी सेवकाईमा अर्को कस्तो व्यक्तिसित सेवकाईमा नारिदैछौं भन्ने कुरामा सधैं सचेत हुनपर्दछ । " तिमीहरुले गोरु र गधालाई एउटै जुवामा ननार्नु ।"

आजको प्रार्थनाः

परमेश्वर, जब मलाई अर्को व्यक्तिसित सँगै काम गर्न बोलाइन्छ वा कुनै विशेष कार्य गर्नलाई दिइन्छ, मलाई बुद्धि दिनुहोस् । अर्को व्यक्तिलाई मद्दत गर्न खोजिरहेको व्यक्तिलाई चोट नपुऱ्याउन, येशूको नाउँमा मलाई सहायता गर्नुहोस्, आमेन ।

आजको बाईबल खण्डः

व्यवस्था २२:१० गोरु र गधा सँगै नारेर जोत्नुहुँदैन ।

हितोपदेश १४:४ जहाँ गोरुहरु छैनन्, त्यहाँ भकारी खाली रहन्छ, तर गोरुको बलले प्रशस्त फसल कटनी हुन्छ ।

अयुब ३९:५ कसैले वन-गधालाई छोड़िदियो ? कसले उसको डोरी फुकाइदियो ?